राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

**हार्दिक शुभकामना**

हिन्दुहरुको महान चाँड दशैंको अवसर मा सम्पूर्ण पाठक, विज्ञापनदाता, शुभचिन्तक तथा सम्पूर्ण नेपालीमा हार्दिक मंगलमय शुभकामनाका साथै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

**समाचार दैनिक परिवार**

नोट : वडा दशैंको विदा भएकोले हाम्रो अगामी अंक कात्तिक ९ गते सोमवार प्रकाशित हुने जानकारी गराइन्छ । सं.

**वर्ष ८ अंक ९० २०८३ कात्तिक १ गते आईतवार (18 Oct. 2026) पृष्ठ ४ मूल्य रू. ३।-**

## कांग्रेसको १५औं महाधिवेशनबाट निर्वाचित २३१ पदाधिकारी र सदस्यहरू

दैनिक समाचारदाता

जनकपुरधाम, ३१ असोज । नेपाली कांग्रेसको १५औं महाधिवेशनबाट निर्वाचित पदाधिकारी तथा केन्द्रीय सदस्यहरूको पूर्ण नतिजा सार्वजनिक भएको छ। नतिजाअनुसार गगनकुमार थापा सभापतिमा निर्वाचित भएका छन्।

महाधिवेशनबाट विश्वप्रकाश शर्मा वरिष्ठ उपसभापति र पुष्पा भुसाल महिला उपसभापतिमा निर्विरोध निर्वाचित भएका छन्। उपसभापतिमा डा. चन्द्रकान्त भण्डारी, ई. मधु आचार्य र विनोद चौधरी पनि निर्वाचित भएका छन्।

महामन्त्रीमा प्रदीप पौडेल, उदयशमशेर जबरा र डा. डिला संग्रौला (पन्त) निर्वाचित भएका छन्। सहमहामन्त्रीमा प्रतिमा गौतम, रामहरि खतिवडा, अजयबाबु शिवाकोटीलगायत निर्वाचित भएका छन्।

महाधिवेशनबाट खुला, महिला, आदिवासी जनजाति, दलित, मधेसी, खसआर्य, थारू, मुस्लिम, पिछडिएको क्षेत्र, अल्पसंख्यक तथा अपाङ्गता, प्रदेश, युवा, जनसम्पर्क समिति, पेसागत क्षेत्र र श्रमिक तथा अन्य विशेष क्षेत्रका प्रतिनिधित्व सुनिश्चित हुने गरी केन्द्रीय सदस्यहरू निर्वाचित भएका छन्।

केन्द्रीय सदस्यमा खुला र महिला समूहसँगै विभिन्न समावेशी समूह तथा सातै प्रदेशबाट प्रतिनिधिहरू चयन भएका छन्। सात प्रदेशबाट ३५ वर्षमुनिका युवा प्रतिनिधि पनि निर्वाचित भएका छन्। काठमाडौं उपत्यका महिला समूहबाट प्रा.डा. अमिता प्रधान शाक्य निर्विरोध निर्वाचित भएकी छन्।

केही पदहरु भने मनोनीत गर्न बाँकी छ । नवनिर्वाचित पदाधिकारी तथा केन्द्रीय सदस्यहरूको नामावली यसप्रकार छ :

**निर्वाचित पदाधिकारी**

सभापति गगनकुमार थापा

उपसभापति विश्वप्रकाश शर्मा (वरिष्ठ उपसभापति, निर्विरोध)

**पुष्पा भुसाल (महिला उपसभापति, निर्विरोध)**

डा. चन्द्रकान्त भण्डारी, ई. मधु आचार्य, विनोद चौधरी

**महामन्त्री**

प्रदीप पौडेल, उदयशमशेर जबरा, डा. डिला संग्रौला (पन्त)

**सहमहामन्त्री**

प्रतिमा गौतम, रामहरि खतिवडा, अजयबाबु शिवाकोटी, बहादुरसिंह लामा, प्रकाश रसाइली (स्नेही), अजयकुमार चौरसिया, मनोजमणि आचार्य

योगेन्द्र चौधरी, डा. फिरदोश आलम, जीवनबहादुर शाही, आङ्गेलु शेर्पा

**केन्द्रीय सदस्यहरूको पूर्ण नामावली**

१. केन्द्रीय सदस्य (महिला खुला तर्फ)

| | |
|---|---|
| १. वासना थापा | २. उर्मिला थपलिया |
| ३. निमा गिरी | ४. कुसुमदेवी थापा |
| ५. धनाकुमारी खतिवडा | ६. अनिता देवकोटा |
| ७. लक्ष्मी पाण्डे | ८. सृजना अधिकारी |
| ९. मुना भुसाल | १०. चिनी पोखरेल (चिनु) |
| ११. कल्पना तिवारी | १२. रीता थापा मगर |
| १३. गंगा दाहाल | १४. उमा दाहाल |
| १५. कान्तिका सेजुवाल | |

*२. केन्द्रीय सदस्य (खुला तर्फ)*

| | |
|---|---|
| १. चिरिबाबु महर्जन | २. निष्कल राई |
| ३. इन्द्रबहादुर बानियाँ | ४. प्रा.डा. गोविन्द पोखरेल |
| ५. ई. मोहन आचार्य | ६. जितनारायण श्रेष्ठ |
| ७. प्रबल थापा | ८. गणेश लामा |
| ९. राजीव कोइराला | १०. हिमालदत्त श्रेष्ठ |
| ११. डा. शोभाकर पराजुली | १२. विद्वान गुरुङ |
| १३. अर्जुनप्रसाद जोशी | १४. ई. अमृत ज्ञवाली |
| १५. ई. नवराज त्रिपाठी | १६. सन्दीप राना |
| १७. भरतकुमार शाह | १८. नरेन्द्रकुमार केरुङ |
| १९. मिनकृष्ण महर्जन | २०. बलदेव तिमिल्सिना |
| २१. महेश खरेल | २२. जन्मजय तिमिल्सिना |
| २३. युवराज पाण्डेय | २४. कुमार लुइटेल |
| २५. ई. ऋषि कोइराला | २६. ई. दीपकबाबु कँडेल |
| २७. उज्ज्वलप्रसाद बराल | २८. किरण केसी |
| २९. दीपक भट्टराई | ३०. महेन्द्रकुमार शर्मा |
| ३१. डा. सुरजराज काफ्ले | ३२. डा. मुकेशराज काफ्ले |
| ३३. मदनकृष्ण श्रेष्ठ | ३४. प्रमोदहरि गुरागाईं |
| ३५. लेखनाथ पोखरेल | ३६. किरणकिशोर घिमिरे |
| ३७. रवि सिंह | ३८. डा. कृष्णप्रसाद पौडेल |
| ३९. तिलबहादुर रानाभाट | ४०. प्रदीपकुमार सुनुवार |
| ४१. प्रकाश सिंह कार्की | ४२. डा. मुक्तिराज श्रेष्ठ |
| ४३. कृष्ण रिजाल | ४४. निलकण्ठ रिजाल |
| ४५. सुधांशु कोइराला | |

*३. केन्द्रीय सदस्य (आदिवासी जनजाति खुला)*

१. तीर्थ लामा
२. ई. अनुप श्रेष्ठ

बाँकी पृष्ठ ४मा

## जनकपुरका शक्तिपीठमा फूलपाती भित्र्याइयो

### राजदेवी मन्दिरमा आइतबार राति बोकाबलीको तयारी, १५ हजारभन्दा बढी बोका बलि दिइने अनुमान

दैनिक समाचारदाता

जनकपुरधाम, ३१ असोज । बडादसैंको सातौं दिन शनिबार सप्तमीका अवसरमा हिन्दु परम्पराअनुसार जनकपुरधामका विभिन्न शक्तिपीठमा बाजागाजासहित फूलपाती भित्र्याइएको छ । शनिबार रातिदेखि खोइँछ भर्ने र आइतबार रातिदेखि बोकाबली दिने कार्यक्रम रहेको जनाइएको छ ।

जनकपुरधामस्थित राजदेवी मन्दिरलगायत विभिन्न शक्तिपीठमा धार्मिक विधिपूर्वक फूलपाती भित्र्याइएको हो । राजदेवी मन्दिरमा नेपाली सेना, सशस्त्र प्रहरी बल र नेपाल प्रहरीको सलामीसहित फूलपातीको डोला निकालिएको थियो ।

हिन्दु परम्पराअनुसार पूजापाठ गरी बेलको फल टिपेर फूलपातीका रूपमा मन्दिरमा भित्र्याइएको हो । मिथिलाञ्चलमा फूलपाती भित्र्याउने यस परम्परालाई 'बेलतोरी' भनिन्छ ।



बेलतोरी परम्पराअनुसार राजदेवी मन्दिरबाट बाजागाजासहित निस्किएको भक्तजनको समूहले मन्दिरनजिकै रहेको बेलको रूखमुनि पूजापाठ गरेको थियो। पूजापछि बेलको फल टिपेर विधिपूर्वक मन्दिरमा भित्र्याइएको थियो। मिथिलाञ्चलको धार्मिक तथा सांस्कृतिक परम्परासँग जोडिएको बेलतोरीले दसैंको धार्मिक महत्त्वसँगै स्थानीय मौलिक संस्कृतिलाई पनि प्रतिबिम्बित गर्छ ।

जनकपुरधामस्थित राजदेवी मन्दिरमा प्रत्येक वर्ष महाअष्टमी अर्थात् कालरात्रिका दिन ठूलो सङ्ख्यामा बोका बलि दिने परम्परा छ । राम युवा कमिटीका अध्यक्ष विजय साहका अनुसार आइतबार साँझ करिब ७ बजेदेखि राति २ बजेसम्म बोकाबली कार्यक्रम सञ्चालन हुनेछ ।

अध्यक्ष साहले राजदेवी मन्दिरमा प्रत्येक वर्ष १५ हजारदेखि २० हजारसम्म बोका बलि दिइने गरेको जानकारी दिँदै यस वर्ष पनि कम्तीमा १५ हजार बोका बलि दिइने अनुमान गरिएको बताए । बोकाबलीका लागि आवश्यक तयारी पूरा भइसकेको उनले जानकारी

बाँकी पृष्ठ ४मा

## पत्रकार किशोर श्रेष्ठ पक्राउप्रति महासंघको आपत्ति

### समाचारप्रति असन्तुष्टि भए स्थापित विधिबाट समाधान खोज्न आग्रह, श्रेष्ठलाई बिनासर्त रिहा गर्न माग

दैनिक समाचारदाता

काठमाडौं ३१ असोज । जनआस्था साप्ताहिकका प्रधानसम्पादक किशोर श्रेष्ठ पक्राउ परेको घटनाप्रति नेपाल पत्रकार महासङ्घले गम्भीर ध्यानाकर्षण भएको जनाएको छ। महासङ्घले समाचारप्रति असन्तुष्टि भए प्रचलित कानुनी प्रक्रियाबाट समाधान खोज्न आग्रह गर्दै श्रेष्ठलाई बिनासर्त तत्काल रिहा गर्न माग गरेको छ।

सत्तासीन राष्ट्रिय स्वतन्त्र पार्टीका नेता तथा कलाकार हिमेश पन्तले दिएको उजुरीका आधारमा प्रहरीले श्रेष्ठलाई पक्राउ गरेको हो। धादिङमा छिमेकीको १० रोपनी जग्गा हडपेको विषयमा पन्तसम्बन्धी समाचार जनआस्था साप्ताहिकमा प्रकाशित भएको



थियो।

सोही समाचारलाई लिएर परेको उजुरीका आधारमा वरिष्ठ प्रहरी उपरीक्षक (एसएसपी) सन्तोष खड्कासहितको प्रहरी टोलीले श्रेष्ठलाई आज ललितपुरको नख्खुस्थित निवासबाट पक्राउ गरेको जनाइएको छ।

समाचारमा प्रकाशित विषयप्रति चित्त नबुझे स्थापित विधि र प्रक्रियाअनुसार समाधान खोज्नुपर्नेमा साइबर ब्युरोमार्फत पक्राउ गर्नु प्रेस स्वतन्त्रता र संविधानको मर्मविपरीत रहेको महासङ्घको ठहर छ। यस्तो घटनाले लोकतान्त्रिक मूल्य-मान्यता र स्वतन्त्र प्रेसको विश्वव्यापी मान्यतालाई कमजोर बनाउने महासङ्घले जनाएको छ।

प्रेस काउन्सिल नेपालको क्षेत्राधिकारसमेत मिचेर राज्यसत्ताको आडमा स्वेच्छाचारी शैली अपनाइएको भन्दै महासङ्घले घटनाप्रति खेद व्यक्त गरेको छ।

महासङ्घले प्रेसविरोधी व्यवहार सच्याउन र पत्रकार श्रेष्ठलाई बिनासर्त तत्काल रिहा गर्न सरकारको ध्यानाकर्षण गराएको छ। साथै, समाचारका विषयमा असमझदारी उत्पन्न भए सम्बन्धित निकायमार्फत समाधान खोज्न सम्बद्ध पक्षलाई आग्रह गरेको छ।

महासङ्घले आफ्नो क्षेत्राधिकारभित्रका विषयमा प्रभावकारी भूमिका निर्वाह गर्न प्रेस काउन्सिल नेपाललाई समेत आग्रह गरेको छ।

अब अनलाइनबाट बुकिङ्को सुविधा

divyaclinicjanakpur.com



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दखाई बिनाको सत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020



## सम्पादकीय

# असत्यमाथि सत्यको विजय

असत्यमाथि सत्यको विजय भएको दिनको स्मरण गर्दै प्रत्येक वर्ष बडादसैं मनाइन्छ। यस पर्वलाई धार्मिक आस्था, सांस्कृतिक परम्परा र उत्सवका रूपमा लिने गरिन्छ। धार्मिक मान्यताअनुसार, देवी दुर्गाले महिषासुर नामक राक्षसको वध गरी असत्यमाथि सत्य र अन्यायमाथि न्यायको विजय स्थापित गरेको दिनलाई विजयादशमीका रूपमा मनाइन्छ। महिषासुरले देवीदेवतालाई दुःख र पीडा दिएको तथा अत्याचार मच्चाएको कथाले अन्यायविरुद्धको संघर्षको सन्देश दिन्छ ।

विजयादशमीलाई उत्सवका रूपमा मनाउनुका साथै यसले दिने सन्देशलाई आत्मसात् गर्नु पनि उत्तिकै आवश्यक छ । आजको दिन देवी दुर्गासँग अन्याय, अत्याचार, दुराचार, भ्रष्टाचार र कुकर्मको अन्त्य गर्न आवश्यक शक्ति र साहस प्रदान गरिदिन प्रार्थना गर्नुपर्छ । देवी दुर्गाले महिषासुरको वध गर्न देखाउनुभएको साहसबाट प्रेरणा लिँदै समाज र राष्ट्रमा विद्यमान विकृति तथा विसंगतिविरुद्ध दृढतापूर्वक उभिने संकल्प गर्नुपर्छ ।

नेपालको राजनीतिक र सामाजिक जीवनमा पनि अन्याय, भ्रष्टाचार, अनियमितता र दण्डहीनताजस्ता समस्या विद्यमान छन् । राजनीतिक अस्थिरता, बेरोजगारी र महँगीका कारण सर्वसाधारण नागरिकले अनेकौं दुःख र सास्ती भोग्नुपरेको छ । जनतामा निराशा र असन्तुष्टि बढ्दै गएको छ । यस्तो अवस्थामा मुलुकलाई समृद्धिको बाटोमा अघि बढाउन र नागरिकलाई सम्मानपूर्वक जीवनयापन गर्ने वातावरण बनाउन राजनीतिक नेतृत्व जिम्मेवार हुनुपर्छ । जनताको विश्वास जित्ने, सुशासन कायम गर्ने र भ्रष्टाचार तथा अनियमितता अन्त्य गर्ने इच्छाशक्ति राजनीतिक नेतृत्वमा देखिनु आवश्यक छ । यसका लागि देवी दुर्गासँग शक्ति माग्नुका साथै आफ्नो व्यवहार र कर्ममा पनि सुधार ल्याउनुपर्छ ।

समाजमा बलात्कार, लैङ्गिक हिंसा, शोषण, दमन, हत्या तथा अन्य आपराधिक गतिविधिले नागरिकको शान्ति र सुरक्षामाथि चुनौती थपिरहेका छन् । नागरिकले सुरक्षित र भयमुक्त वातावरणमा बाँच्न पाउनु उनीहरूको आधारभूत अधिकार हो । तर, समाजमा अझै पनि हिंसा, विभेद र अन्यायका घटना भइरहनु चिन्ताको विषय हो । आर्थिक, सामाजिक, सांस्कृतिक र धार्मिक क्षेत्रमा देखिने विभेद तथा असहिष्णुताको अन्त्य गर्न सामूहिक प्रयास आवश्यक छ । अन्याय सहेर बस्नुको सट्टा त्यसविरुद्ध आवाज उठाउने साहस प्रत्येक नागरिकमा हुनुपर्छ । देवी दुर्गाको साहस र शक्तिबाट प्रेरणा लिएर समाजलाई न्यायपूर्ण, समतामूलक र शान्तिपूर्ण बनाउन सबैले आ(आफ्नो भूमिका निर्वाह गर्नुपर्छ ।

२०८३ साल नेपालका लागि प्राकृतिक विपद्का दृष्टिले पनि दुःखद वर्षका रूपमा स्मरणीय बनेको छ । रसुवामा आएको बाढीपहिरोले ठूलो जनधनको क्षति पुर्‍याएको छ । विपद्मा ज्यान गुमाउनेप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछौं । पीडित परिवारलाई दुःख सहन सक्ने शक्ति प्रदान होस् भन्ने कामना गर्दछौं । विपद्का बेला एकअर्कालाई सहयोग गर्ने, पीडितलाई राहत तथा पुनःस्थापनामा साथ दिने र सामाजिक सद्भाव कायम राख्ने संस्कारलाई अझ बलियो बनाउन आवश्यक छ । विपद् व्यवस्थापन तथा जोखिम न्यूनीकरणमा राज्यका निकाय र नागरिकबीच प्रभावकारी सहकार्य हुनुपर्छ ।

अन्त्यमा, विजयादशमीले हामी सबैलाई सत्यको पक्षमा उभिन, अन्याय र अत्याचारविरुद्ध संघर्ष गर्न तथा समाजमा शान्ति, सद्भाव र समानता कायम गर्न प्रेरणा प्रदान गरोस् । देवी दुर्गाले नेपाली जनतालाई अन्याय, अत्याचार र दुराचारविरुद्ध लड्ने शक्ति प्रदान गरून् । राजनीतिक नेतृत्वमा देश र जनताप्रति समर्पित भएर विकास, सुशासन र समृद्धिका लागि काम गर्ने सद्बुद्धि पलाओस् । यही कामनासहित हाम्रा सम्पूर्ण पाठक, विज्ञापनदाता, शुभचिन्तक तथा स्वदेश र विदेशमा रहनुभएका सम्पूर्ण नेपालीमा विजयादशमीको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

# राष्ट्रिय सुरक्षा सुदृढीकरणका चुनौती र प्राथमिकता

*अभय राज जोशी*

गतवर्ष भदौं २३र२४ मा भएको जेनजी विद्रोह पछि नेपालको राजनीतिक समीकरण नै फेरिन पुग्यो। सुशासन र परिवर्तनको नारामा भएको जेनजी विद्रोहको एकवर्ष पुगिसकेको छ। त्यसैको बलमा गत फागुन २१ मा निर्वाचन भयो ।

उक्त निर्वाचनले पुराना दलहरूलाई ठूलो झट्का दियो । २०७९ मा गठन भएको रास्वापाले दुई तिहाइ जनमत प्राप्त गर्‍यो । उक्त जनमतपछि गत चैत १३ गते बालेन्द्र शाहको नेतृत्वमा गठन भएको सरकारले पनि ६ महिना पुरा गरिसकेको छ।

सरकार गठन भएपछिको ६ महिनाको अवधिलाई हेर्ने हो भने नयाँ के फेरियो र के हुनुपर्थ्यो भन्ने बहस अहिले पनि चलिरहेको अवस्था छ । प्रशासनिक क्षेत्रमा सुधार गर्ने विषयमा सरकारले केही गति लिएको देखिन्छ ।

यही बीचमा भदौ १० मा रसुवाको भोटेकोशी बाढीले ठूलो विध्वंस गर्‍यो । उक्त बाढीमा परी हजारौंले ज्यान गुमाए, ठूलो संख्यामा मानिसहरु बेपत्ता भए, अर्बौंको भौतिक क्षति नेपालले व्यहोर्न पुग्यो।




बाह्य सहयोगदेखि आन्तरिक रुपमै भएपनि बाढीको समयमा उद्दारको कामलाई प्रभावकारी बनाउन सक्यो । नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीदेखि स्थानीय तहबीचको समन्वय र सहकार्यले विपत्तलाई पराजित गर्न केही हदसम्म सहयोग मिल्यो ।

यी सबै प्रसङ्ग यहाँ किन उल्लेख गरियो भन्दा यी राष्ट्रिय सुरक्षाका अभिन्न अङ्गका रुपमा रहेका छन्। देशको राष्ट्रिय सुरक्षा नै आजको अनिवार्य र महत्वपूर्ण आवश्यकता हो।

राष्ट्रिय सुरक्षाको दायराभित्र कुनै पनि देशको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, जनताको रक्षा पनि पर्दछ । त्यसै अन्तर्गत रहेर सरकार, राजनीतिक दल, नागरिक समाज सबैले मिलेर राष्ट्रिय सुरक्षामा कुनै पनि किसिमको खलल पुग्न नदिने गरेर काम गर्नुपर्दछ ।

यो सरकारसँग मात्रै जोडिने विषय होइन । सरकार भनेको एउटा सुशासन दिने र राज्य सत्ता सञ्चालन गर्ने निकाय हो। त्यो सँगै देशका नागरिक देखि राजनीतिक दल लगायत सबैको पनि मूल दायित्व भनेकै देश विकास हो। त्यसका लागि सबैको ध्यान उत्तिकै जानु आवश्यक हुन्छ।

विगत लामो सत्ता राजनीतिबाट नागरिक आजित बनेका थिए। त्यही भएर पनि जेनजी आन्दोलनमा सबैको समर्थन भयो। त्यसकै बलमा निर्वाचन पनि भयो र रास्वपाले अभूतपूर्व जनमत हासिल गर्न सक्यो।

अहिले पनि नागरिकका कतिपय माग सम्बोधन हुन सकेका छैनन। नागरिकहरूलाई सानो कुराले पनि छुने गर्छ।

प्रशासनिक क्षेत्रमा हुने ढिलासुस्तीको अन्त्य गर्ने सेवा प्रवाहलाई चुस्तदुरुस्त पार्न सक्नुपर्छ, त्यसो हुँदा नागरिक तहमा पनि जनविश्वास कायम हुन जान्छ। तर, त्यो कुरालाई नजरअन्दाज गरेर हिंड्यो भने त्यसले असन्तुष्टि सिर्जना गर्ने र त्यो पछि गएर सुरक्षा चुनौतीका रुपमा देखा पर्न सक्छ।

काठमाडौंको त्रिपुरेश्वरमा एक व्यक्तिले महानगरप्रहरीसँग भएको विवादको रिसमा पेट्रोल छर्केर आगो लगाएर आत्मदह गरे। त्यसपछि त्यसको चर्को विरोध भयो।

तराईमा भएको सामाजिक सद्भाव खलबलाउने खालको गतिविधि पनि एक थियो। यस्ता कमीकमजोरी हटाउने तर्फ पनि सरकारको ध्यान जानुपर्छ। त्यसमा नागरिक समाजको पनि त्यतिकै भूमिका हुने गर्छ।

आजको परिप्रेक्ष्यमा सीमाको रक्षामा मात्र राष्ट्रिय सुरक्षा सीमित छैन। त्यो सँगै देशको राजनीतिक, आर्थिक, सामाजिक, खाद्य सुरक्षा देखि वातावरणीय सुरक्षाका विषय पनि जोडिएका छन्। बदलिँदो प्रविधिको यो समयमा त अझ साइबर सुरक्षाको विषय पनि निकै टड्कारो रुपमा देखा परेको छ।

नेपाल दुई ठूला शक्ति राष्ट्र चीन र भारतको बीचमा रहेको देश हो। यी दुई छिमेकीको बीचमा रहेको देशले आफ्नो भौगोलिक अखण्डता र सीमानाको रक्षा गर्नु त्यतिकै दायित्व हुन जान्छ। अर्को तर्फ बाह्य सुरक्षा मात्र राष्ट्रिय सुरक्षाको परिभाषालाई प्रष्ट पार्दैन। देशमा शान्ति सुव्यवस्था कायम गर्ने देखि अपराध नियन्त्रण र सामाजिक सद्भाव पनि कायम राख्नु त्यति नै महत्वपूर्ण मानिन्छ।

केही महिना अघि तराई मधेशमा जसरी सामाजिक सद्भाव खलबलिने गरी गतिविधि भए त्यो नै चुनौतीका रुपमा देखा पर्‍यो। यस्तो परिस्थितिलाई सम्हाल्ने जिम्मेवारी सरकारको हो। तर, सरकारको मात्रै भनेर सबै चुप लाग्ने भन्ने हुँदैन। यसमा नागरिक तहको पनि भूमिका त्यति नै प्रभावकारी बन्नुपर्दछ। समाजलाई गलत बाटोमा लैजान नदिने पहिलो जिम्मेवारी सरकारको जति हो, त्यति नै नागरिकको पनि हो।

आन्तरिक सुरक्षा कमजोर हुन पुग्यो भने त्यसले देशलाई नै संकटको भूमरीमा लैजान सक्छ र त्यसको असर ठूलो पर्न सक्छ। वाह्य शक्तिको हस्तक्षेप हुने जोखिम रहन सक्छ। त्यस कारण पनि यसतर्फ सबैको ध्यान जानुपर्ने हुन्छ।

के यतिले मात्र राष्ट्रिय सुरक्षा बलियो हुने हो । तर पक्कै होइन किनभने यी सबैलाई सहज बनाउन देशको अर्थतन्त्र, वित्तीय व्यवस्था लगायतका विषय पनि महत्त्वपूर्ण हुन्छ। अर्थतन्त्र यस्तो क्षेत्र हो जसले समग्र मुलुकको विकास र विस्तार गर्ने काम गर्छ। हामीले हाम्रो अर्थतन्त्रलाई बलियो बनाउन सक्यौं भने मात्र देशको राष्ट्रिय सुरक्षा बलियो बनाउन सक्छौं। अर्को तर्फ शिक्षा पनि त्यतिकै महत्त्वपूर्ण कडीका रुपमा रहेको पाइन्छ।

देशका हरेक नागरिकले गाँस, बास र कपासको सुविधा पाउन सके भने मात्र देशमा शान्ति सुव्यवस्था कायम रहन्छ। नागरिकलाई भोकमरी, महामारी र गरिबीबाट जोगाउनका लागि पनि देशको अर्थतन्त्र बलियो हुनुपर्छ। त्यो कसरी हुन्छ त भन्दा देशमा रोजगारीका अवसर सिर्जना गर्ने, उद्योग कलकारखाना स्थापना हुनु अति आवश्यक हुन जान्छ।

राष्ट्रिय सुरक्षा जोखिममा अहिले बढेको भनेको साइबर अपराध हो। प्रविधिले विश्व अर्थतन्त्रलाई नै प्रभावित पारिरहेका बेला त्यसको असरबाट नेपाल छुट्ने कुरा नै भएन। साइबर युद्धका घटना अहिले बढिरहेका छन्। एकअर्का देशलाई कमजोर बनाउन शक्ति राष्ट्रले अनेकौं प्रविधि भित्र्याइरहेका बेला, त्यसबाट जोगिनका लागि नेपालले पनि आफ्नो प्रविधि प्रणालीलाई व्यवस्थित बनाउनु जरुरी छ।

राष्ट्रिय सुरक्षालाई बलियो बनाउन कूटनीतिक र भू-राजनीतिक सन्तुलन मिलाउनु पनि त्यतिकै आवश्यक छ। नेपाल भू-परिवेष्ठित देश भएकाले हामीले छिमेकी र मित्रराष्ट्रहरूसँग सन्तुलित र असंलग्न कूटनीतिक सम्बन्ध राख्नु पर्दछ। त्यसो नहुँदा ठूलो असर पर्न सक्छ। यति मात्र होइन, अन्तर्राष्ट्रियका साथै विमस्टेक जस्ता क्षेत्रीय मञ्चहरूमा नेपालले आफ्ना सुरक्षाका विषयलाई प्रष्टसँग राख्ने र द्विपक्षीय तथा बहुपक्षीय सम्बन्ध विस्तारमा ध्यान दिनुपर्छ।

फेरि भदौ १० कै प्रसङ्ग जोडौं। नेपालले प्रष्ट रुपमा संयुक्त राष्ट्रसंघको महासभामा आफ्नो उपस्थिति देखायो। नेपालका प्रधानमन्त्री बालेन्द्र शाहले प्रष्ट रुपमा जलवायु परिवर्तनले नेपालले भोगेको क्षतिमा विश्व समुदायको साथ र सहयोगको आग्रह गरे।

राष्ट्रिय सुरक्षा बलियो बन्ने आधार भनेको देशमा कानुनी शासन र भ्रष्टाचार नियन्त्रणले पनि गर्छ। बालेन्द्र शाह नेतृत्वको सरकारले अहिले त्यसतर्फ ध्यान दिइरहेको केही घटनाक्रमले देखाएको छ। यसलाई निरन्तरता दिनुपर्ने हुन्छ। राज्यका संयन्त्र भ्रष्टाचारका कारणले कमजोर बन्दै गइरहेकाले यसको नियन्त्रण गर्नु अति आवश्यक छ।

नेपालको भौगोलिक बनावट र जलवायुजन्य जोखिमका कारण बाढी, पहिरो, भूकम्प, हिमताल विस्फोट, खडेरी तथा अन्य प्राकृतिक विपद्को सम्भावना उच्च छ। यस्ता घटनाले जनधनको क्षति मात्र गराउँदैनन् सडक, सञ्चार, ऊर्जा, खाद्य आपूर्ति र स्थानीय प्रशासनको कार्यक्षमतामा समेत गम्भीर असर पार्न सक्छन्।

विपद्को समयमा राज्यका सुरक्षा निकायले प्रभावकारी रुपमा काम गर्दै आइरहेका छन्। तर, त्यतिले मात्र हुँदैन उनीहरुलाई क्षमता र तालिमको त्यतिकै खाचो रहने गर्छ।

भोटेकोशीमा गएको बाढीले पनि त्यो महशुस गराइसकेको अवस्था छ। हामीले जोखिमयुक्त क्षेत्रको अवस्थाका बारेमा पहिले नै सजग भएर प्रभावकारी रुपमा काम अघि बढाउन सक्नुपर्दछ। त्यसका लागि राज्यका निकायलाई प्रविधिमैत्री बनाउने, आधनुनिक प्रविधिको विकासलाई भित्र्याउने र त्यसै अनुसार काम अघि बढाउन सकियो भने पूर्व सूचना प्रणालीको राम्रो विकास गरेर क्षति न्यूनिकरणमा ध्यान पुर्‍याउन सकिन्छ, यसतर्फ अब गम्भीर भएर सोच्नुपर्ने बेला आइसकेको अवस्था छ।

देशभित्रका विविध भाषा, धर्म, जाति र समुदायबीच एकता र सद्भाव कायम राख्दा आन्तरिक विद्रोह वा असन्तोषको जोखिम कम हुन्छ।

खाद्यान्न, इन्धन र ऊर्जामा आत्मनिर्भर हुनुले बाह्य नाकाबन्दी वा संकटको समयमा देशलाई जोगाउँछ।

नेपाल धर्म निरपेक्ष राष्ट्र हो। यहाँ सबै धर्म मान्ने समुदाय सौहार्दपूर्ण रुपमा मिलेर बसेको अवस्था छ। यसलाई खलबलाउन विभिन्न समयमा गतिविधि हुने गरेका छन्। त्यसतर्फ पनि ध्यान पुर्‍याउनु अत्यन्तै जरुरी भइसकेको छ। किनभने जातीय द्वन्द्वले देशको हित गर्दैन त्यो झनै चुनौतीपूर्ण रुपमा रहन्छ।

यति मात्र होइन, नेपालले नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धान विभागलाई आधुनिक प्रविधि, हातहतियार र तालिमयुक्त बनाउनु पनि अनिवार्य भइसकेको छ। त्यति मात्र होइन आन्तरिक र बाह्य सुरक्षा जोखिमका पूर्व सूचना प्रणालीलाई पनि चुस्त बनाउनु आवश्यक देखिन्छ।

सरकारी डाटा प्रणाली, वित्तीय प्रणाली बलियो बनाउने मात्र होइन, नागरिकलाई पनि यसका बारेमा जानकारी दिने र भ्रामक सूचना नियन्त्रण गर्नु जरुरी देखिन्छ। किनभने भ्रामक सूचनाले आन्तरिक र वाह्य सुरक्षा निम्तिने जोखिम पनि त्यतिकै हुने गर्छ।

नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय सुरक्षा परिषद्को सचिवालयतथा सम्बन्धित अनुसन्धान संस्थाबीच समन्वय आवश्यक हुन्छ। यसले रक्षा तथा सुरक्षा सम्बन्धी द्विपक्षीय र बहुपक्षीय सम्बन्धको अभिलेख, विश्लेषण, नीति सुझाव र कार्यान्वयन अनुगमनको जिम्मेवारी लिन सक्छ।

रक्षा कूटनीतिसम्बन्धी जोखिम, अवसर र दीर्घकालीन प्रभावबारे सरकारलाई नियमित रणनीतिक सुझाव यी निकायले दिन सक्नुपर्छ। नेपालले रक्षा कूटनीतिलाई शक्ति प्रदर्शनको माध्यम होइन, शान्ति, सहकार्य, विश्वास र राष्ट्रिय स्वाधीनता सुदृढ गर्ने साधनका रूपमा प्रयोग गर्नुपर्छ।

वैदेशिक सहयोग र लगानीमा दातृ राष्ट्र वा संस्थाका आर्थिक, कूटनीतिक तथा रणनीतिक स्वार्थ जोडिन सक्ने यथार्थलाई नेपालले स्वीकार गर्नुपर्छ।

अहिले देशका सुरक्षा संगठनहरु पुरानै ऐन, नियमका आधारमा

बाँकी पृष्ठ ३मा

राष्ट्रिय..........

चलिरहेका छन्। यीनलाई समयसापेक्ष बनाउँदै लगेर आधुनिक हतियार, तालिम लगायत अपराध अनुसन्धानमा दक्ष प्रविधि भित्र्याउने तर्फ पनि ध्यान सरकारले दिनुपर्दछ।

विगतमा सुरक्षा निकायमा चरम राजनीति हुने गरेको थियो। अहिलेको अवस्थालाई नव गठित सरकारले यसतर्फ ध्यान दिनुपर्छ। संगठनको नीति, निर्देशन र चेनअफ कमान्डलाई कमजोर बनाउने गरेर काम गर्नु हुँदैन। राजनीतिक हस्तक्षेप, मनपरी सरुवा-बढुवा, स्रोतको असमान वितरण, नेतृत्वमाथि असंस्थागत दबाब वा अनुसन्धानमा अवरोधजस्ता जोखिम देखिएमा तिनको स्वतन्त्र, निष्पक्ष र प्रमाणमा आधारित परीक्षण आवश्यक हुन्छ। सुरक्षा निकायलाई राजनीतिक प्रतिस्पर्धाको साधन होइन, संविधान, कानुन र लोकतान्त्रिक मूल्यप्रति उत्तरदायी व्यावसायिक संस्था बनाउनु नै संस्थागत सुरक्षाको आधार हो। जलवायु परिवर्तनको प्रभावले निम्तिरहेको विपद् र त्यसको व्यवस्थापन आज राष्ट्रिय सुरक्षा नीतिको महत्वपूर्ण पाटो बनेको छ।

नेपालको राष्ट्रिय हितको रक्षा सन्तुलन, संवाद, रक्षा कूटनीति र जिम्मेवार कूटनीतिबाट हुन्छ, निर्भरता, ध्रुवीकरण र अतिरञ्जित धारणाबाट होइन । राज्यको शक्ति संस्थागत विश्वसनीयताबाट निर्माण हुन्छ, र राष्ट्रिय स्वाधीनता जिम्मेवार नेतृत्व, सक्षम सुरक्षा संरचना, प्रभावकारी रक्षा कूटनीति, लोकतान्त्रिक उत्तरदायित्व तथा आत्मनिर्भर अर्थतन्त्रको संयुक्त आधारमा सुरक्षित रहन्छ।

राष्ट्रिय सुरक्षालाई बलियो बनाउने भूमिका राजनीतिक दल, तीनका कार्यकर्ताको पनि हो। उनीहरूले समुदायलाई एकढिक्का बनाएर राख्न सक्ने क्षमता राख्दछन्। उनीहरूको भूमिकामा फेरबदल हुनु हुँदैन। अर्को तर्फ राजनीतिक नेता कार्यकर्ताले गर्ने सम्बोधन र धारणाले पनि समाजमा धेरै प्रभाव पारिरहेको हुन्छ। त्यसतर्फ सचेत हुनुपर्दछ। अहिले बढ्दो प्रविधिको प्रयोगसँगै सामाजिक सञ्जाल प्रयोगकर्ताको संख्या दिनानु दिन बढ्दै गइरहेको छ। सामाजिक सञ्जालमा आउने अलगोरिदम आज निकै चुनौतीका रुपमा देखा परिरहेको छ।

मानिसहरू सामाजिक सञ्जालमा देखापर्ने सामाग्रीलाई विश्वास मानेर धारणा बनाइरहेका हुन्छन्। त्यसले समाजलाई विभाजित गर्न सक्ने भएकाले सचेत वर्ग सबैले सामाजिक सञ्जालका माध्यमबाट सही र तथ्य सूचना मात्र दिने गर्नुपर्छ।

अर्कोतर्फ चौथो अङ्गका रुपमा रहेको सञ्चार क्षेत्रको पनि महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। सञ्चार जगतले सामाजिक मूल्य र मान्यतालाई असर नपर्ने गरी समाजमा नकारात्मकता नहुने गरेर सूचनामुलक सन्देश र सामाग्री प्रसारण गर्नुपर्दछ।

त्यसैले राष्ट्रिय सुरक्षा सेना वा प्रहरीको मात्र जिम्मेवारी नभई सम्पूर्ण राज्य प्रणाली, अर्थतन्त्र र नागरिकको सचेतनाको एकीकृत रूप हो। सुशासन, बलियो अर्थतन्त्र र सन्तुलित कूटनीति नै सुरक्षा सुदृढ बनाउने मुख्य स्तम्भ हुन्।

### *राष्ट्रिय सुरक्षाः एकीकृत नीतिगत दृष्टिकोणको आवश्यकता*

नेपालको राष्ट्रिय सुरक्षा सुदृढीकरणका लागि राष्ट्रिय सुरक्षा नीति, सुरक्षा निकायको व्यावसायिकता, राजनीतिक हस्तक्षेपको नियन्त्रण, जलवायुजन्य विपद् व्यवस्थापन र रक्षा कूटनीतिलाई एउटै एकीकृत नीतिगत दृष्टिकोणमा जोड्न आवश्यक छ। राष्ट्रिय सुरक्षा केवल बाह्य आक्रमण वा सीमा संरक्षणमा सीमित विषय होइन; यो राज्यका संस्थाहरूको क्षमता, कानुनी शासन, नागरिकको विश्वास र राष्ट्रिय हितको प्रभावकारी संरक्षणसँग पनि जोडिएको हुन्छ।

नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र राष्ट्रिय अनुसन्धान विभागलाई संविधान तथा कानुनप्रति उत्तरदायी, व्यावसायिक, आधुनिक र संस्थागत रूपमा सक्षम बनाउनु आवश्यक छ।

सुरक्षा निकायमा राजनीतिक हस्तक्षेप, सरुवा-बढुवामा अनुचित प्रभाव, आदेशको शृङ्खलामा अवरोध र अनुसन्धानमा दबाबजस्ता समस्या देखिएमा तिनको निष्पक्ष तथा प्रमाणमा आधारित समीक्षा हुनुपर्छ। सुरक्षा निकायलाई राजनीतिक प्रतिस्पर्धाको साधन होइन, राष्ट्रिय हित र नागरिक सुरक्षाका लागि जिम्मेवार संस्थाका रूपमा विकास गर्नुपर्छ।

त्यसैगरी, नेपालको भौगोलिक अवस्था र जलवायु परिवर्तनका कारण बढिरहेका बाढी, पहिरो, हिमताल विस्फोट तथा अन्य विपद्लाई राष्ट्रिय सुरक्षा योजनाकै अभिन्न अङ्गका रूपमा लिनुपर्छ। सुरक्षा निकाय, विपद् व्यवस्थापनसम्बन्धी सरकारी निकाय, स्थानीय तह र मानवीय सहायता संस्थाबीच प्रभावकारी समन्वय, पूर्वसूचना प्रणाली, नियमित संयुक्त अभ्यास र आवश्यक स्रोतसाधनको व्यवस्था हुनुपर्छ। विपद् आइसकेपछि उद्धारमा जुट्नु मात्र पर्याप्त हुँदैन; जोखिमको पूर्वानुमान, तयारी र क्षति न्यूनीकरणमा पनि राज्यले प्राथमिकता दिनुपर्छ।

नेपालको भूराजनीतिक अवस्थालाई ध्यानमा राख्दै रक्षा कूटनीतिलाई पनि राष्ट्रिय सुरक्षा नीतिसँग जोड्न आवश्यक छ। भारत र चीनलगायत छिमेकी तथा अन्य मित्रराष्ट्रसँगको सम्बन्ध राष्ट्रिय स्वाधीनता, पारस्परिक सम्मान, असंलग्नता र राष्ट्रिय हितका आधारमा अघि बढाउनुपर्छ। रक्षा सहयोग, तालिम, प्रविधि हस्तान्तरण र अन्तर्राष्ट्रिय सहकार्यबाट प्राप्त हुने अवसरको उपयोग गर्दा त्यसका दीर्घकालीन आर्थिक, कूटनीतिक तथा रणनीतिक प्रभावको समेत मूल्याङ्कन गर्नुपर्छ।

अन्ततः, राष्ट्रिय सुरक्षा सुदृढीकरणका लागि राजनीतिक नेतृत्वको जिम्मेवारी, सुरक्षा निकायको व्यावसायिकता, विपद् प्रतिकार्य क्षमता र सन्तुलित रक्षा कूटनीतिबीच स्पष्ट नीतिगत समन्वय आवश्यक छ। यी पक्षलाई छुट्टाछुट्टै रूपमा होइन, एउटै राष्ट्रिय रणनीतिका परस्पर सम्बन्धित आधारका रूपमा अघि बढाउन सके मात्र नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, लोकतान्त्रिक स्थायित्व र दीर्घकालीन राष्ट्रिय हितको प्रभावकारी संरक्षण गर्न सकिन्छ। साभारः अनलाइनखबरडटकम

# जन्तर मन्तरमा विरोध प्रदर्शनमाथि रोक

## दशकौँदेखि जनताको आवाज बनेको स्थल बन्द गर्ने निर्णयले अभिव्यक्ति स्वतन्त्रता र शान्तिपूर्ण आन्दोलनको अधिकारमाथि बहस चर्कियो

विरोध प्रदर्शनको उद्देश्य के हो ? अन्यायविरुद्ध आवाज उठाउनु ? कुनै मुद्दाप्रति ध्यानाकर्षण गराउनु ? वा, सत्तामा बसेकाहरूलाई असहज बनाएर आफ्ना कुरा सुन्न बाध्य पार्नु ?

तीन दशकभन्दा बढी समयदेखि भारतीयहरूले दिल्लीको जन्तर मन्तरनजिकै रहेको रूखहरूले घेरिएको साँघुरो सडकमा यी तीनवटै उद्देश्य पूरा गर्ने प्रयास गर्दै आएका छन् । जन्तर मन्तर अठारौँ शताब्दीमा निर्मित खगोलीय अवलोकनशाला हो ।

तर अब यो क्रम अन्त्य हुन लागे जस्तो देखिन्छ ।

यसै साता दिल्ली प्रहरीले संसद् नजिकै रहेको जन्तर मन्तरलाई अबदेखि विरोध प्रदर्शनस्थलका रूपमा नतोकिने जनाएको छ । जेनजीको नेतृत्वमा रहेको 'कक्रोच जनता पार्टी' (सीजेपी) ले त्यहाँ विशाल प्रदर्शन गरेको केही महिनापछि यस्तो निर्णय आएको हो । सीजेपी कुनै राजनीतिक दल नभई मजाकका रूपमा सुरु भएको एउटा सामूहिक अभियान हो । यसले भारतका केन्द्रीय शिक्षामन्त्री धर्मेन्द्र प्रधानको राजीनामा माग्दै ठुलो प्रदर्शन गरेको थियो । दसौँ हजार मानिस त्यहाँ भेला भएका थिए र त्यसपछि प्रधानले राजीनामा दिएका थिए ।

त्यसको केही समयपछि प्रहरीले जन्तर मन्तरमा अवरोध खडा गर्दै थप प्रदर्शन हुन दिएन । गत साता सीजेपीका समर्थकहरूले फेरि त्यहाँ पुग्न जुलुस निकाल्ने प्रयास गरे । यसपटक उनीहरूले भारतका प्रमुख निर्वाचन आयुक्तको राजीनामा मागेका थिए । तर प्रहरीले बल प्रयोग गर्दै प्रदर्शन दबायो ।



अब प्रदर्शनकारीहरूलाई अन्य तीन स्थानमा जान निर्देशन दिइएको छ । तीमध्ये दुई स्थान संसद्बाट निकै टाढा छन् । तेस्रो स्थान विशाल रामलीला मैदान हो, जहाँ कार्यक्रम आयोजना गर्न प्रायः महिनौँअघि नै बुकिङ गर्नुपर्छ । निःशुल्क रहेको जन्तर मन्तरको विपरीत यी तीनवटै स्थानमा एक दिनका लागि दसौँ हजार रुपैयाँ शुल्क लाग्छ ।

दिल्ली प्रहरीले सर्वोच्च अदालतले पर्याप्त पूर्वाधार भएका वैकल्पिक स्थान पहिचान गर्न सुझाव दिएपछि आफूहरूले यस्तो कदम चालेको बताएको छ । तर आलोचकहरूका अनुसार यो निर्णयले विरोध प्रदर्शनलाई सर्वसाधारण भारतीयको पहुँचभन्दा बाहिर पुऱ्याउन सक्छ । प्रदर्शनस्थल सत्ताको केन्द्रबाट अझ टाढा हुनेछन् र धेरै मानिसले खर्च धान्न नसक्ने स्थानमा विरोध गर्नुपर्नेछ ।

वर्षौँदेखि जन्तर मन्तरले सरकारहरूलाई हल्लाइदिने विशाल जनआन्दोलनदेखि आफ्ना कुरा सुनियोस् भनेर निराश भएका व्यक्तिहरूका साना र एक्ला प्रदर्शनसम्म देखेको छ । किसान, विद्यार्थी, शोकमा डुबेका अभिभावक र पूर्वसैनिकहरू त्यहाँका रूखमुनि भेला भएर प्लेकार्ड बोकेका र नारा लगाएका छन् । हरेक प्रदर्शन समाचारको शीर्षक बनेनन् । तर धेरैका लागि अन्य सबै ढोका बन्द भएपछि पुग्न सकिने ठाउँ थियो जन्तर मन्तर ।

यस साता त्यहाँ पुगेर हेर्दा ती दृश्यहरू धेरै पुरानो सम्झनाजस्ता लागिरहे । सडकका दुवै छेउमा पहेँलो अवरोधक राखिएका थिए । सयौँ अर्धसैनिक सुरक्षाकर्मी हातमा लाठी लिएर पहरा दिइरहेका थिए । नजिकैको गल्लीमा वर्दी लगाएका प्रहरी पसलहरूमा बसेर चिया पिइरहेका थिए वा मोबाइल फोन चलाइरहेका थिए । प्रहरी नभएको थोरै पसलमध्ये एउटाका पसलेले हात जोड्दै आफू कुनै पनि प्रश्नको उत्तर दिन नचाहेको बताए ।

सन् १७२० को दशकमा महाराजा सवाई जयसिंह द्वितीयले निर्माण गराएको जन्तर मन्तर कुनै समय हजारौँ क्रान्तिको कल्पना गरिने स्थलभन्दा पनि पर्यटकीय आकर्षणका रूपमा बढी परिचित थियो । विरोधस्थलका रूपमा यसको इतिहास सन् १९९३ मा सुरु भयो । त्यसबेला तत्कालीन काङ्ग्रेस सरकारले पुरानो संसद् भवनको ठीक अगाडि रहेको बोट क्लबको घाँसे मैदानमा प्रदर्शन गर्न रोक लगाएको थियो । इतिहासकार हरलीन कौरले सन् १९६० को दशकदेखि दिल्लीमा विरोध प्रदर्शन हुने स्थान संसद्बाट अझ टाढा सार्न क्रमिक सरकारहरूले कसरी नयाँ नियम ल्याए भन्ने विषयको अध्ययन गरेकी छन् ।

उनले सन् २०२३ मा प्रकाशित एउटा अनुसन्धानपत्रमा लेखेकी छन्, 'संसद् भवनबाट तीन किलोमिटर टाढा रहेको जन्तर मन्तरले सरकारलाई प्रदर्शनकारीको भीड संसद् भवन र प्रधानमन्त्रीको निवासबाट केही दूरीमा सीमित राख्न अनुमति दियो ।'

यद्यपि, वर्षौँसम्म यस सडकमा असङ्ख्य उत्साहपूर्ण प्रदर्शन भए । सन् १९८४ को ग्यास चुहावट दुर्घटनाबाट प्रभावित मानिसहरूको पक्षमा काम गर्ने संस्था 'भोपाल ग्रुप फर इन्फर्मेसन एन्ड एक्सन' की अभियन्ता रचना ढिङ्गा सन् २००८ मा सयौँ अन्य व्यक्तिसँगै जन्तर मन्तरमा करिब पाँच महिना बसेकी थिइन् । उनीहरूको मागमध्ये पुनर्स्थापनाका कार्यक्रमका लागि स्रोतसाधन छुट्याउन आयोग गठन गर्न सरकारलाई बाध्य गराउनु पनि थियो । असाध्यै गर्मी भएको गर्मीयामभरि उनीहरूले पत्रकार सम्मेलन गरे, राजनीतिज्ञहरूसँग भेटे र आफ्नो मुद्दाप्रति ध्यानाकर्षण गराउन तत्कालीन प्रधानमन्त्री मनमोहन सिंहको निवासअगाडिका रेलिङमा आफूलाई साङ्लोले समेत बाँधे ।

त्यहीँ ढिङ्गाले अरूसँग ऐक्यबद्धता पनि स्थापित गरिन् । चीनको विरोध गरिरहेका तिब्बती, ठुला बाँध परियोजनाका कारण विस्थापित मानिसहरूको पक्षमा काम गर्ने अभियन्ता र आफ्नो गाउँबाट एउटा प्लेकार्ड तथा गुनासो बोकेर रेल चढी आएका एक्ला प्रदर्शनकारीहरूसँग उनको सम्बन्ध जोडियो । ढिङ्गा भन्छिन्, 'विरोध प्रदर्शन गर्दा एक्लोपन महसुस हुन सक्छ । तर त्यो ठाउँ हामीमध्ये धेरैका लागि घर बन्यो । हामीले एकअर्काका कथा, सङ्घर्ष र सफलताहरू बाँड्यौँ ।'

खाद्य अधिकार अभियानसँग आबद्ध अध्येता दीपा सिन्हाले जन्तर मन्तरमा ग्रामीण रोजगारीको ऐतिहासिक प्रत्याभूति योजना, राष्ट्रिय खाद्य सुरक्षा ऐन र वन अधिकार ऐनजस्ता महत्त्वपूर्ण कानुनहरू आकार लिएको देखेकी छन् । उनी भन्छिन्, 'यो यस्तो ठाउँ थियो, जहाँ देशभरिबाट दिल्ली आएका मानिसहरूसँग विभिन्न विषयमा छलफल गर्न सकिन्थ्यो ।'

प्रदर्शनकारीहरू तत्कालीन योजना आयोग र कृषि मन्त्रालयलगायत सरकारी कार्यालयबाहिर प्रदर्शन गर्थे । त्यहाँ प्रहरीले उनीहरूलाई प्रायः पक्राउ गर्थ्यो । त्यसपछि उनीहरू फेरि जन्तर मन्तर फर्केर भेला हुन्थे, छलफल गर्थे र आगामी रणनीति बनाउँथे ।

तर महिनौँसम्म प्रदर्शन जारी राख्न सजिलो थिएन ।

ढिङ्गाका अनुसार पानी पर्दा उनीहरू त्रिपालमुनि ओत लाग्थे, नजिकैका सार्वजनिक शौचालय प्रयोग गर्थे र सरसफाइ गर्न नजिकका गुरुद्वारामा जान्थे । सन् २०१७ मा राष्ट्रिय हरित न्यायाधिकरणले पूर्वाधारको अभाव र स्थानीय बासिन्दाका गुनासोलाई आधार बनाउँदै जन्तर मन्तरमा विरोध प्रदर्शन बन्द गराउन आदेश दिएको थियो । तर एक वर्षपछि सर्वोच्च अदालतले संविधानले प्रत्याभूत गरेको अभिव्यक्ति स्वतन्त्रता र शान्तिपूर्ण भेला हुने अधिकारलाई आधार बनाउँदै उक्त निर्णय उल्ट्यायो । संसद् नजिकै भएकाले आफ्नो अभियानमा फरक परेको थियो कि थिएन भन्ने प्रश्नमा ढिङ्गाले पहिलोपटक दिल्ली आएका आफ्ना सहप्रदर्शनकारीहरूको प्रतिक्रिया सम्झिइन् । 'त्यो राष्ट्रपतिको घर हो ? प्रधानमन्त्री त्यहाँ बस्नुहुन्छ ? हामी उहाँहरूकै ढोकामा हुँदा पनि उहाँहरूले हाम्रो कुरा कसरी नसुन्न सक्नुहुन्छ ?' उनीहरूले भनेको ढिङ्गाले सम्झिइन् ।

सिन्हाका अनुसार जन्तर मन्तर प्रेस क्लब र कन्स्टिच्युसन क्लबजस्ता संस्थानको नजिक पनि थियो । यसले सञ्चारमाध्यमको ध्यान आकर्षित गर्न र राजनीतिज्ञहरूलाई त्यहाँ आएर प्रदर्शनकारीहरूसँग भेट्न सजिलो बनाउँथ्यो ।

त्यतिबेला अवस्था सरल थियो । कहिलेकाहीँ प्रदर्शनकै दिन बिहान प्रहरीसँग अनुमति मागे पनि पुग्थ्यो । तर अहिले नियमहरू धेरै कडा भएका छन् ।

हालैका वर्षहरूमा ढिङ्गाले जन्तर मन्तरमा प्रदर्शन गर्ने प्रयास गर्दा कसैलाई पनि रातभरि त्यहाँ बस्न नदिइने बताइन् । उनी प्रश्न गर्छिन्, 'विरोध प्रदर्शन गर्न देशको राजधानीसम्म यात्रा गरेर आएका सयौँ मानिसलाई लिएर तपाईं कहाँ जानुहुन्छ ?'

त्यसो त सन् २००६ मा 'नर्मदा बचाओ' आन्दोलनकी नेतृ मेधा पाटकरले जन्तर मन्तरमा २० दिन लामो भोक हडताल गरेकी थिइन् । सन् २०१५ मा पूर्वसैनिकहरूले 'एक पद, एक पेन्सन' नीति कार्यान्वयनमा भएको ढिलाइको विरोधमा त्यहाँ प्रदर्शन गरेका थिए । जन्तर मन्तरका समर्थकहरू छन् । त्यसरी नै अरू कतिपय मानिससँग अझ जीवन्त विरोध संस्कृति रहेको समयका ताजा सम्झनाहरू छन् । दिल्लीमा विद्यार्थी र अध्येताका रूपमा बसेकी लैङ्गिक अध्ययनकी विद्वान् मेरी ई. जोनका अनुसार सन् १९९३ अघि उनी बोट क्लबमा हुने विभिन्न प्रदर्शनमा सहभागी हुन्थिन् । ती प्रदर्शनमा श्रमिक अधिकार, महिला मुद्दादेखि अन्तर्राष्ट्रिय महत्त्वका विषयसम्म उठाइन्थे ।

मेरी भन्छिन्, 'हामी यस्तो वातावरणमा बस्थ्यौँ, जहाँ विरोध प्रदर्शन जीवनको एउटा हिस्सा थियो । वास्तवमा हामीले यसलाई सामान्य रूपमा लिएका थियौँ ।' विशाल बोट क्लबको घाँसे मैदानको ठाउँ जन्तर मन्तरले लिएपछि आफूहरूलाई साँघुरो र घेरिएको महसुस भएको उनले बताइन् । उनका अनुसार उनीहरू र उनीहरूभन्दा अघिपछि आएका मानिसहरूले जन्तर मन्तरमा मात्र नभई विश्वविद्यालय, कलेज र सडकसहित विभिन्न स्थानमा प्रदर्शन गर्थे ।

दिल्लीका सीमावर्ती क्षेत्रमा महिनौँसम्म बसेर प्रदर्शन गरेका किसानहरूको आन्दोलन र विवादास्पद नागरिकता कानुन खारेज गर्न माग गर्दै शाहीन बाग क्षेत्रमा धर्ना बसेका मानिसहरूमा पनि उनी त्यही परम्पराका सङ्केत देख्छिन् ।

सन् २०१२ मा भएको बलात्कारविरोधी आन्दोलन पनि जन्तर मन्तरमा मात्रै सीमित नभएको उनी बताउँछिन् । त्यो आन्दोलन भारतको कडा सुरक्षा घेरामा रहेको राष्ट्रपतिको परिसरनजिकैसम्म पुगेको थियो र दिल्लीका अन्य भागमा समेत फैलिएको थियो ।

जन्तर मन्तरको भविष्य के हुनेछ भन्ने अझै स्पष्ट छैन । यसलाई विरोधस्थलबाट हटाउने निर्णयलाई चुनौती दिँदै दायर गरिएका निवेदनमाथि सर्वोच्च अदालतमा सुनुवाइ भइरहेको छ । विपक्षी नेता राहुल गान्धी र सीजेपीका नेताहरूले जन्तर मन्तर जनताको सम्पत्ति भएको र यसलाई फेरि जनताले नै 'फिर्ता लिने' बताएका छन् । यस विषयमा बहस चर्किरहेका बेला जन्तर मन्तर दशकौँयताकै सबैभन्दा सन्नाटाको अवस्थामा छ । के त्यहाँ फेरि नाराहरू गुञ्जेलान् त ? बीबीसीबाट

विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका
ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको
आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com
राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

# जोगवनीमा दसैंको व्यापार आधा घट्यो

## क्रयशक्ति कमजोर, भन्सारमा कडाइ र सहायक नाकाबाट तस्करी बढ्दा सीमावर्ती बजारमा नेपाली उपभोक्ताको चहलपहल घट्यो

दैनिक समाचारदाता

विराटनगर ३१ असोज । चाडपर्वका बेला नेपाली उपभोक्ताको अत्यधिक भीड लाग्ने भारतको सीमावर्ती बजार जोगवनीमा यस वर्ष दसैंको व्यापार घटेको छ। विगतमा दसैँका बेला खुट्टा राख्ने ठाउँसमेत नहुने जोगवनीमा यसपटक किनमेल गर्ने नेपाली उपभोक्ताको उपस्थिति पातलो देखिएको छ।



जोगवनीको व्यापार घट्नुमा भन्सार नाकामा गरिएको कडाइ, सहायक नाकाबाट भइरहेको अवैध सामानको ओसारपसार र अनलाइन व्यापारको विस्तारलाई सम्भावित कारण मानिएको छ। तर, विराटनगरका उद्योगी तथा व्यापारीले उपभोक्ताको कमजोर क्रयशक्तिलाई व्यापार घट्नुको प्रमुख कारण मानेका छन्।

एक सरकारी अधिकारीका अनुसार सामान्य अवस्थामा जोगवनीमा दैनिक करिब पाँच करोड रुपैयाँको कारोबार हुने गरेको थियो। दसैँका बेला यो कारोबार बढेर १८ देखि २२ करोड रुपैयाँसम्म पुग्ने गरेकोमा यस वर्ष करिब आधाले घटेको अनुमान छ।

विराटनगरका उद्योगी तथा व्यापारी सगुन बोहोराले कोभिड-१९ महामारीपछि सर्वसाधारणको आम्दानी र खर्च गर्ने क्षमतामा आएको गिरावटले बजारमा असर पारेको बताए। उनका अनुसार चाडपर्व नजिकिँदै गर्दा उपभोक्ताको चहलपहल बढ्न थाले पनि कोभिडअघिको जस्तो खर्च गर्ने क्षमता अझै फर्किएको छैन।

सरकारले भन्सारसम्बन्धी व्यवस्थामा गरेको कडाइले पनि जोगवनी जाने नेपाली उपभोक्ताको सङ्ख्या घटाएको बोहोराको विश्लेषण छ। तर, सीमामा कडाइ गरेपछि नेपाली बजारमा अपेक्षाअनुसार व्यापार बढ्न नसकेको उनको भनाइ छ।

***सहायक नाकाबाट सामानको ओसारपसार***

जोगवनीको मुख्य भन्सार नाकामा कडाइ भएपछि पूर्वी मोरङका रंगेलीलगायत सहायक नाकाबाट सामानको अवैध ओसारपसार भइरहेको सुरक्षा स्रोतको दाबी छ। ती नाकाबाट भित्रिने भारतीय सामान रंगेलीका थोक तथा किराना पसलमा सहजै पाइने गरेको स्रोतको भनाइ छ।

यसको प्रभाव विराटचोक, बेलबारी र पथरीलगायत पूर्वी क्षेत्रका बजारमा समेत परेको बताइएको छ। एक सरकारी अधिकारीका अनुसार सहायक नाकाबाट आउने भारतीय सामानका कारण ती बजारमा पनि किनमेलका लागि सहज पहुँच बनेको छ। व्यापारी बोहोराले समेत सहायक नाकाबाट हुने अवैध ओसारपसारको सम्भावनालाई अस्वीकार गरेका छैनन्।

***डिजिटल भुक्तानी र अनलाइन व्यापारको प्रभाव***

जोगवनीको व्यापार घट्नुमा डिजिटल भुक्तानीसम्बन्धी समस्याले पनि भूमिका खेलेको एक सरकारी अधिकारीको दाबी छ। उनका अनुसार सरकारी निगरानीमा पर्ने आशङ्काले नेपाली उपभोक्ताले भारतीय व्यापारीको क्युआर कोडमार्फत भुक्तानी गर्न छाडेका छन्।

तर, बोहोरा यसलाई प्रमुख समस्या मान्दैनन्। जोगवनीका धेरै व्यापारी विराटनगरकै भएको र उनीहरूले नेपाली रुपैयाँ सहजै स्वीकार गर्ने गरेको उनको भनाइ छ।नेपाली बजारमा दैनिक उपभोग्य वस्तुको मूल्य तुलनात्मक रूपमा स्थिर रहनु पनि उपभोक्ता जोगवनी जान कम गर्नुको अर्को कारण हुन सक्ने व्यापारीहरूको भनाइ छ। साल्ट ट्रेडिङले चिनीको मौज्दात राखेकाले बजारमा अभाव नरहेको र तेललगायत दैनिक उपभोग्य वस्तुको मूल्यमा पनि ठूलो उतारचढाव नआएको बोहोराले बताए।यसका अतिरिक्त काठमाडौँलगायतका सहरबाट टिकटक र अन्य सामाजिक सञ्जालमार्फत हुने अनलाइन व्यापारको विस्तारले पनि सीमावर्ती बजारको कारोबारमा असर पारेको हुन सक्ने बताइएको छ। जोगवनीमा हुने भीडभाड र चोरीको जोखिमबाट बच्न कतिपय उपभोक्ताले आफ्नै गाउँ तथा सहरका बजार रोजेको अनुमान गरिएको छ।

विभिन्न कारणले जोगवनीमा नेपाली उपभोक्ताको चहलपहल घट्दै जाँदा सीमावर्ती बजारको व्यापार प्रभावित भएको छ। यद्यपि, व्यापारमा आएको गिरावटको वास्तविक परिमाण यकिन गर्न विस्तृत तथ्याङ्क भने आवश्यक देखिन्छ।

# ढल्केवरमा आजदेखि डान्डिया उत्सव



दैनिक समाचारदाता

जनकपुरधाम ३१ असोज । दशैंको सातौं दिन महासप्तमीको अवसर पारेर आजदेखि धनुषाको ढल्केवरमा डान्डिया उत्सव सुरु हुने भएको छ । स्थानीय दुर्गा मन्दिरको प्राङ्गणमा साँझको समयमा तीनदिने डान्डिया नृत्यको आयोजना हुन लागेको कार्यक्रम संयोजक उमेश कुमार महतोले बताए ।

धार्मिक उत्सवको रूपमा आयोजना गरिएको उक्त कार्यक्रमको आवश्यक तयारी पूरा भइसकेको संयोजक महतोले बताए ।

डान्डिया धार्मिक आस्था र सांस्कृतिक परम्परासँग जोडिएको लोकनृत्य हो । विशेषगरी नवरात्रको समयमा माता दुर्गाको आराधना गर्दै डान्डिया खेल्ने परम्परा छ । भारतको गुजरात क्षेत्रमा लोकप्रिय यो नृत्य पछिल्लो समय नेपालका विभिन्न स्थानमा समेत दशैं तथा दुर्गा पूजा उत्सवको आकर्षण बन्दै गएको छ ।

धार्मिक मान्यताअनुसार डान्डिया माता दुर्गा र महिषासुरबीच भएको युद्धसँग जोडिएको छ । यसमा प्रयोग गरिने काठका लट्ठीलाई देवीको तरबारको प्रतीकका रूपमा लिने गरिन्छ । नृत्यले असत्यमाथि सत्य र खराब शक्तिमाथि असल शक्तिको विजयको सन्देश दिने विश्वास छ ।

डान्डिया नृत्यले धार्मिक आस्थासँगै आपसी सद्भाव, सामाजिक एकता र सांस्कृतिक सम्बन्धलाई समेत प्रगाढ बनाउने विश्वास गरिन्छ । संगीतको तालमा समूहगत रूपमा खेलिने यस नृत्यले दशैंको उत्सवलाई थप उल्लासमय बनाउनुका साथै स्थानीय कला तथा संस्कृतिको प्रवर्द्धनमा योगदान पुऱ्याउँछ । साँझको समयमा आयोजना हुने कार्यक्रममा सहभागी भई स्थानीय बासिन्दाले दशैंको सांस्कृतिक उत्सवमा रमाउन आयोजकले आग्रह गरेको छ ।

## जनकपुरका............

दिए ।

स्थानीय राम युवा कमिटी र महावीर युवा कमिटीले राजदेवी मन्दिर तथा राम मन्दिरमा हुने पूजापाठ र बोकाबलीको व्यवस्थापन गर्दै आएका छन् ।

**के हो फूलपाती ?**

फूलपातीलाई संस्कृतमा 'नवपत्रिका' भनिन्छ। 'नव' को अर्थ नौ र 'पत्रिका' को अर्थ पात वा पत्र हो। फूलपातीमा नौ प्रकारका वनस्पति समावेश गरिने भएकाले यसलाई नवपत्रिका भनिएको हो।

केरा, दारिम, धान, हरिद्रा, मानक, कचु, बेल, अशोक र जयन्ती नवपत्रिकामा समावेश गरिने वनस्पति हुन्। दसैँघरमा यी वनस्पति भित्र्याएर नवदुर्गालाई स्नान गराउने र प्रत्येक वनस्पतिका पत्रमा विभिन्न देवीको पूजा गर्ने धार्मिक परम्परा छ। सबै वनस्पति उपलब्ध नभएका स्थानमा अन्य वनस्पति समावेश गरी नौवटा पुऱ्याउने चलनसमेत रहेको छ।

धार्मिक मान्यताअनुसार केरामा ब्राह्मी, दारिममा रक्तदन्तिका, धानमा लक्ष्मी, हरिद्रामा दुर्गा, मानकमा चामुण्डा र कचुमा कालिकाको पूजा गरिन्छ। त्यसैगरी, बेलमा शिवा, अशोकमा शोकहारिणी र जयन्तीमा कार्तिकीको आवाहन गरी पूजा गर्ने परम्परा छ।

नेपालका विभिन्न हावापानीमा पाइने यी वनस्पति खाद्य पदार्थका रूपमा मात्र नभई औषधीय प्रयोजनका लागि पनि उपयोगी मानिन्छन्। प्राचीन आयुर्वेदिक पद्धतिदेखि आधुनिक चिकित्सासम्म विभिन्न वनस्पतिको प्रयोग हुँदै आएको छ।

धार्मिक आस्थासँगै वनस्पतिको महत्त्वलाई उजागर गर्ने फूलपाती परम्पराले तिनको संरक्षण र संवर्द्धन गर्नसमेत प्रेरणा दिन्छ। फूलपाती भित्र्याएर पूजा गर्ने परम्पराले प्रकृतिसँगको सम्बन्ध, जैविक विविधताको महत्त्व र वनस्पतिको उपयोगिताबारे सचेत गराउने विश्वास गरिन्छ।

## कांग्रेसको........

३. डा. प्रेमध्वज लामा
४. कर्माछिरिङ शेर्पा
५. टेकप्रसाद गुरुङ
६. भीम श्रीस मगर
७. रामकृष्ण चित्रकार
८. बुद्ध लामा
९. गल्जे लामा (शेर्पा)
१०. वंशलाल तामाङ
११. अमृत गुरुङ
१२. सुशील गुरुङ

*४. केन्द्रीय सदस्य (आदिवासी जनजाति महिला)*
१. गीता गुरुङ
२. डा. गंगालक्ष्मी अवाल
३. रेनुका काउँचा
४. सपना राजभण्डारी जोशी
५. सीताकुमारी राना
६. प्रमिला राई
७. लीलादेवी बोखिम लिम्बु
८. पुनम लामा

***५. केन्द्रीय सदस्य (दलित महिला)***
१. सीता मिजार
२. शान्ति परियार विक
३. रूपा विक
४. कमला नेपाली
५. छाया सुनार

***६. केन्द्रीय सदस्य (दलित मधेसी)***
१. धमेन्द्र पासवान

७. केन्द्रीय सदस्य (दलित खुला)
१. डा. डीबी सुनार
२. सागर परियार
३. शरिशरण नेपाली
४. शिवबहादुर सुनार
५. मन्जित ताम्राकार
६. राजु परियार
७. अम्बरबहादुर बराइली
८. दीपक सोनी

***८. केन्द्रीय सदस्य (मधेसी खुला)***
१. अनिलकुमार रुंगटा
२. रामकृष्ण यादव
३. डा. गरिवदास ठाकुर
४. दिनेशकुमार यादव
५. जितेन्द्रनारायण देव
६. असर्फी शाह
७. अशोककुमार शाह
८. उमेशचन्द्र यादव

*९. केन्द्रीय सदस्य (मधेसी महिला)*
१. डा. मधुकुमारी ठाकुर
२. रेखाकुमारी यादव
३. अञ्जु झा
४. मिनाक्षी झा
५. गीताकुमारी यादव

*१०. केन्द्रीय सदस्य (खसआर्य खुला)*
१. ई. लक्ष्मण केसी
२. भीम पराजुली
३. जगदीशचन्द्र उपाध्याय
४. राजेन्द्र केसी
५. जनार्दनसिंह क्षेत्री
६. उत्तमराज जोशी
७. अनुज चापागाईं
८. कृष्णप्रसाद कोइराला
९. माइकल रामचन्द्र अर्याल
१०. गणेश सापकोटा

*११. केन्द्रीय सदस्य (खसआर्य महिला)*
१. डा. भद्रा पराजुली भण्डारी
२. जानुका पन्त
३. गीता देवकोटा
४. कृष्णकुमारी बस्नेत
५. विनिता अधिकारी
६. जानकी सिंह
७. देवकी गौतम
८. चम्पादेवी खड्का

*१२. केन्द्रीय सदस्य (थारु खुला)*
१. डा. भोगेन्द्रप्रसाद चौधरी
२. जनकराज चौधरी
३. वेदनारायण गच्छदार
४. साजनकुमार महतो

*१३. केन्द्रीय सदस्य (थारु महिला)*
१. डा. जीवन राना
२. डा. प्रमिलाकुमारी गच्छदार

*१४. केन्द्रीय सदस्य (मुस्लिम खुला)*
१. डा. अताबुल मंसुरी
२. मो. इर्शाद अन्सारी
३. अब्दुल रज्जाक गद्दी

*१५. केन्द्रीय सदस्य (मुस्लिम महिला)*
१. जमिला खातुन
२. सनम बेगम

*१६. केन्द्रीय सदस्य (पिछडिएको क्षेत्र)*
१. दीपकजंग शाह (खुला)
२. सुशीला बम (महिला)

*१७. केन्द्रीय सदस्य (अल्पसंख्यक/अपाङ्गता)*
१. अर्जुन शेरचन
२. प्रकाश पन्थ

१८. केन्द्रीय सदस्य (कोशी प्रदेश)
१. डम्बरबहादुर खड्का
२. मेदनीप्रसाद सिटौला
३. दीपनकुमार श्रेष्ठ
४. मृदुला कोइराला
५. ई. हेमकाजी बस्नेत
६. डा. याशिका भट्टराई

*१९. केन्द्रीय सदस्य (मधेस प्रदेश)*
१. डा. अञ्जनीकुमार झा
२. शम्भुबहादुर बुढाथोकी
३. विनोद खनाल
४. मेघा शाही
५. गौरव पाण्डे
६. ममता शर्मा

*२०. केन्द्रीय सदस्य (बागमती प्रदेश)*
१. प्रा.डा. सूर्यकान्त घिमिरे
२. ई. रोहित पौडेल
३. सन्तोष चालिसे
४. हरिप्रभा खड्की
५. अंशुल केसी
६. रजनी थापा

*२१. केन्द्रीय सदस्य (गण्डकी प्रदेश)*
१. किरणबाबु श्रेष्ठ
२. रेशमबहादुर बानियाँ
३. खुमाप्रसाद अर्याल
४. सरस्वती अर्याल तिवारी
५. ई. सुवास पौडेल
६. डा. कला पन्त

*२२. केन्द्रीय सदस्य (लुम्बिनी प्रदेश)*
१. कमलकिशोर घिमिरे
२. अमरबहादुर भण्डारी
३. प्रचण्डविक्रम न्यौपाने (गुण्टु)
४. बालकुमारी भण्डारी
५. अनुराग खड्का
६. सुष्मा पाण्डे

*२३. केन्द्रीय सदस्य (कर्णाली प्रदेश)*
१. राजीवविक्रम शाह
२. खड्गबहादुर शाही
३. दिक्पालकुमार शाही
४. रामदेवी खड्का
५. मोहन राना
६. भगवती शाही

*२४. केन्द्रीय सदस्य (सुदूरपश्चिम प्रदेश)*
१. जनक चटौत
२. दिवानसिंह विष्ट
३. बहादुरसिंह थापा
४. अम्बिकाकुमारी चलाउने
५. रीता शाही
६. ई. भुवन भट्ट

२५. केन्द्रीय सदस्य (सात प्रदेशबाट ३५ वर्षमुनिका युवा)
१. सचिन तिमल्सेना
२. ई. अभिषेक आत्रेय
३. सुशील भट्ट
४. डा. आयुस बगाले
५. आदर्श मल्ल
६. ई. रोशन बस्नेत
७. ई. सैलेश मिश्र

*२६. केन्द्रीय सदस्य (जनसम्पर्क समिति)*
१. सीता सापकोटा घिमिरे
२. चन्द्रा अधिकारी
३. जितेन्द्रविक्रम शाही
४. सीए विद्या भूषण कार्की
५. पुरुषोत्तम खनाल
६. डा. बलराम श्रेष्ठ
७. बालकृष्ण पाण्डे

*२७. केन्द्रीय सदस्य (पेसागत क्षेत्र खुला)*
१. डा. केदारनरसिंह केसी
२. प्रा.डा. जगदीशचन्द्र पोखरेल
३. वरिष्ठ अधिवक्ता सीताराम केसी
४. डा. प्रदीप मिश्र
५. केशव निरौला

*२८. केन्द्रीय सदस्य (पेसागत क्षेत्र महिला)*
१. डा. सीता पोखेल घिमिरे
२. बाला अधिकारी


अब उत्कृष्ट भविष्यको रोजाई



MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

"आजको सही निर्णय, भोलिको सफल भविष्य"

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

**Janakpurdham-4,Dhanusha Nepal**
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम


'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४